# कोहलपुर नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस नगरपालिका क्षेत्रभित्र बजार व्यवस्थापन एवम् राजस्व व्यवस्थापन गर्न निम्नानुसार गर्नहुन सम्पुर्ण नगरबासीहरुमा नगरपालिकाको हार्दिक अनुरोध छ ।

- ✓ नक्सा पास नगरी सार्वजनिक एवम् निजी जग्गामा समेत कुनै पनि निर्माण कार्य नगर्ने, नगराउने।
- ✓ निर्माण कार्य गर्दा सार्वजनिक निर्माण भए सडक क्षेत्रलाई असर नपर्ने गरी एवम् व्यक्तिगत संरचना निर्माण कार्य भए निर्माण सामग्रीहरु आफ्नो जग्गामा व्यवस्थापन गर्नुपर्ने ।
- ✓ सार्वजनिक जग्गा रहेको स्थानमा फुटपाथ, ठेलागाडा राखी कुनैपनि व्यापार व्यवसाय नगर्ने, जथाभावी फोहोर मैला नगर्ने र सडक क्षेत्र एवं निषेधित क्षेत्रमा सवारी साधन पार्किङ्ग नगर्ने ।
- ✓ आफ्नो घर आँगन छेउछाउहरुमा आफै सरसफाई गर्ने, घर एवम् व्यवसायबाट निस्किने फोहोरलाई कुहिने र नकुहिने अलग अलग छुट्याई नगरपालिकाले तोकेको सवारी साधनमा बिसर्जन गर्ने ।
- ✓ चाडपर्व नजिकिदै गर्दा म्याद गुज्रेका वस्तुहरुको विक्री वितरण नगर्ने ।
- ✓ फोहोर मैला व्यवस्थापनको ग्राहक सुचीमा नाम दर्ता गर्ने ।
- ✓ कुनै पनि व्यवसाय गर्दा नेपाल सरकार, प्रदेश सरकार एवम् स्थानीय तहको प्रचलित कानुन बमोजिम फर्म दर्ता नवीकरण, व्यवसाय दर्ता नवीकरण गरी मापदण्ड अनुसार मात्र सञ्चालन गर्ने ।
- ✓ सरकारलाई बुझाउनुपर्ने व्यवसाय कर, घरबहाल कर, सम्पत्ति कर लगायत सम्पुर्ण राजस्व नियमित सम्बन्धित निकायमा बुझाउने ।
- ✓ मापदण्ड विपरित राखिएका विज्ञापन सामग्री एवम् होडिङ्ग बोर्डहरु सम्बन्धित व्यक्ति वा संस्था आफैले हटाउने।
- ✓ सार्वजनिक स्थानमा रोपिएका बोटविरुवारुको संरक्षण गर्ने र जथाभावी क्षेति नपुर्याउने।
- ✓ आफ्ना पशुचौपायहरु जथाभावी छाडा नराखी आफैले संरक्षण गर्ने ।
- ✓ यस सुचना बमोजिम कुनै पनि व्यक्ति, संस्था वा निकायले सो को व्यवस्थापन गर्नुपर्ने भएमा सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र गरिसक्नु पर्नेछ ।

पुनश्च :- माथि उल्लेखित नियमहरु पालना गर्नु सबैको कर्तव्य हो । कुनै व्यक्ति संस्था वा निकायले उपरोक्त नियमहरु उल्लङ्घन गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा सुचित गरिन्छ ।

कोहलपुर नगरपालिका बाँके

मितिः २०७९/०५/२० गते।